Follow Us on

इन्द्रेणी
QUARTERLY NEWSLETTER

# INDRENI



## In this Issue -


1. Message from President - ……………...Page2
2. NAF Activities …………..Pages3 - 6

- Youth panel discussion on "A Cross-Cultural Look at Our Youth
-Sharing Experience about Growing Up in Two Cultures"
-An Interaction program on "A Changing Perspective-Dignified Menstruation in Nepal" .
- Nepali New Year Picnic, and Poem Recital Program during Annual Nepali New Year Program Hosting by NAF-Jacksonville Chapter

3. "Connect Nepal" Project …………..Pages 7-8
4. एनसीसिओको साधारण सभा भव्यताका साथ सम्पन्न.........Pages 9-10
5. Friend in Need....! Page 11
6. Nepalese in Real state Business in Florida………. Pages 12 -14
7. नयाँ बर्षमा नभेटिएका महको "ह" ..........Pages 15-19
8. "जवानी " ......Page 19
9. यसरी सम्भव छ स्मार्ट सोसाइटी ..........Pages 20– 21
10. The last page


**A Quaterly Publication of the Nepalese Association of Florida (NAF)**

## Message From President



Dear community members, Namaskar:

I would like to thank all the community members for your continuous support and involvement in our programs. I look forward to your constant support and participation in the future.

NAF has been focusing on many community-based educational and communication programs for Florida and Nepal. Recently, NAF has started a long-term project called "Connect Nepal." Under this project, we will establish a communication center in remote villages in Nepal and transfer the accountability and sustainability of the center to local community-based organizations. As our pilot project, we are working on "Establishing a communication center in Rukum." The project's main objective is to establish a communication center and support local people who do not have access to communication. We are raising funds to achieve the goal, and we would like to thank all of our donors for your generous support. If you are interested in donating to support this initiative, please reach out to any Executive Committee members.

As the second session of NAF's interaction program on Dignified menstruation, NAF recently conducted a panel discussion with youth activists and leaders from Nepal and the USA. The session's objective was to discuss the changing perspectives on menstruation in Nepal and innovative initiatives that are being implemented against menstruation discrimination. The session also focused on how youth activists and leaders can participate in decision-making and policy levels to achieve menstrual equality.

NAF successfully organized Nepali New Year Picnic on April 17, 2021, in St. Augustine. This was our first in-person community gathering since the pandemic was declared, and we are so happy to greet and meet our community members in person. NAF executive team would like to thank the NAF-Jacksonville chapter for successfully organizing this event. We also would like to congratulate the newly-elected team of NAF's Jacksonville chapter. On behalf of the NAF executive team, I would like to wish Happy Nepali new year 2078 to all.

NAF Youth Forum will be introducing a new program in the coming months. Please stay tuned for detail about the program and always encourage our youths through support, participation, and constructive feedback.


Please continue to join our programs, visit our website, and give us feedback via social media, email, and calls. We have representatives throughout the state to listen and support our community members. If you are new to our community, please don't hesitate to reach out to us.

Thank you!

Sincerely,

Anila Neupane Paudyal

## Youth panel discussion program Organized by NAF on "A Cross-Cultural Look at Our Youth-Sharing Experience about Growing Up in Two Cultures"




Growing up with two distinct cultures comes with its own unique set of challenges and opportunities, which can be difficult to convey to someone who hasn't gone through the same experiences. The Nepalese Association of Florida (NAF)- Youth Forum organized a panel discussion program "A Cross-Cultural Look at Our Youth-Sharing Experience about Growing Up in Two Cultures" to discuss this very topic on January 30, 2021. The program focused on better understanding the experiences and feelings the younger generation feels growing up as Nepali-Americans, the challenges today's Nepali youth may go through, and how they embrace their Nepali-American identity. The two-hour program was met with an abundance of questions from attendees who joined through Zoom. The program was live on RadioHimalay and Facebook.

Six invited speakers: Eliza Acharya (Gainesville), Medhavi Baskota (Tampa), Swochchhanda Shrestha (West Palm Beach), Pranav Shrestha (Miramar), Sahil Bhandary (West Palm Beach), and Hirman Khanal (Miami) shared their sentiments on the topic. The program was moderated by NAF Youth Forum Leader Shailee Banskota (Tampa) and Monika Karki (West Palm Beach). Our audience consisted of various parents and youth from different cities in Florida and Nepal.

NAF President Mrs. Anila Neupane and General Secretary Niraj Shrestha highlighted the significance of the program at its conclusion.




Linked below is the recorded video link for the program.

**https://www.facebook.com/100008375828381/videos/2889865601302606/**

## An Interaction program on "A Changing Perspective-Dignified Menstruation in Nepal" was organized virtually by the Nepalese Association of Florida (NAF)

An Interaction program on "A Changing Perspective-Dignified Menstruation in Nepal" was organized virtually by the Nepalese Association of Florida (NAF) on Saturday, March 27th, 2021. Previously, NAF organized an introductory virtual interaction program on "Dignified Menstruation" with Global South Coalition for Dignified Menstruation (GSCDM) to raise awareness about Dignified Menstruation. This time, the program was focused on the work of different young social activists working on Dignified Menstruation in Nepal, the challenges, and the accomplishments.

The program was attended by panelist Dr. Garima Shrestha, Founder SHE, Ms. Manita Devkota, MHM Activist/Days for Girls Nepal, Women's Health Advocate, and Former Miss Universe Nepal, Ms. Bhawan Raut Youth Leader/Social Activist and Ms. Smarika Nepal, Youth Activist/Founding Co-President WomenForNepal spoke during the program. At the beginning of the program, Dr. Garima Shrestha presented her initiative SHE Nepal's activities; this was followed by an update and activities of Days of Girls-Nepal by Ms. Manita Devkota. She highlighted how Days of Girls-Nepal is educating young girls on Menstruation and how it is helping to build employment opportunities, focusing on manufacturing reusable menstruation-pad in a different district in Nepal. She also highlighted how difficult it is for young girls and women to attend school or colleges during menstruation due to the unavailability of clean toilets, too poor to buy pads, etc. Ms. Bhawan Raut highlighted how she and her team are working on the policymaking aspect with the Department of Education. She also highlighted how it will be effective if we start education to break the prevalent taboos from the home; she also shared her personal experience about how she managed to break the taboo within her own family. She implies that if young girls are



educated in advance on these issues during school days, it may be possible to break these taboos. The youngest panelist, Ms. Smarika Nepal from West Palm Beach Florida, discussed her initiative "Women's for Nepal" and how she is currently working with her friends in the USA to raise awareness about menstruation taboos that exist in Nepal. She also shared how she is using Instagram to create short stories about taboos in Nepal. She also discussed her involvement in creating a worldwide menstruation database in August where she discussed "Chaupadi Pratha" from Nepal. The program was moderated by NAF Vice-President Dr. Pragati Ghimire Aryal and General Secretary Dr. Niraj Shrestha. The program lasted for almost two hours where participants discussed the different strategies to break taboos, girls and family education on menstruation, religious perspectives, eco-friendly menstrual sanitary product and widespread use of it, sustainability of the different initiatives, and how the pandemic is affecting the different programs focused on dignified menstruation in Nepal.

At the end of the program, NAF President Ms. Anila Neupane and General Secretary Dr. Niraj Shrestha highlighted the significance of the program and thanked all the speakers and guests. If you need more information about this program and NAF activities, please email us at naflorida2016@gmail.com

Sincerely,
NAF Executive Team
**https://www.facebook.com/naflorida2016/videos/2929741490648350**

## Nepali New Year Picnic, "Nepalese Association of Florida (NAF) and International Nepalese Literature Society Florida Chapter (INLS-FL) , Jointly Organized Poem Recital Program during Annual Nepali New Year Program Hosting by NAF-Jacksonville Chapter

NAF successfully organized Nepali New Year Picnic on April 17, 2021, in St. Augustine. This was our first in-person community gathering since the pandemic was declared, and we are so happy to greet and meet our community members in person. NAF executive team would like to thank the NAF-Jacksonville chapter for successfully organizing this event. We also would like to congratulate the newly-elected team of NAF's Jacksonville chapter. On behalf of the NAF executive team, I would like to wish Happy Nepali new year 2078 to all.



# Some Glimpses of Nepali New Year Picnic, 2078 Hosted by NAF-Jacksonville Chapter








## "Connect Nepal" Project 1st ICT (Information and Communication Technology ) Center Establishmant in Sisne , East Rukum , Nepal

Information technology has been playing major roles in communication in today's world to connect with each other and share information. In the present day, communication is mostly carried through the internet which is widely available in many parts of the world. However, there are still some remote places in Nepal where the internet needs to be strengthened and local people should be empowered through Information and Communication Technology (ICT). Taking this as consideration, we have identified one of the villages in East Rukum ,Sisne is looking some help to connect with rest of the world,

In technical partnership with the Global Nepalese ICT Consortium (GNICTC), the Nepa lese Association of Florida is launching a new project "Connect Nepal". The project is focused on establishing the communication center in the ward no.5 of Sisne village which will serve 2000 people in the village. The communication center will be operated by the local Youth Development Center which will be utilized as Tele-Health, Tourism Information, Communication, and computer education, and sharing knowledge with other parts of the country.





o establish the communication center NAF is setting up the goal to raise $5000.00 which will be utilized to purchase hardware to connect the internet and computer. NAF will directly supervise the project with the help of the Global Nepalese ICT Consortium (GNICTC). We are also accepting computer hardware as donations.

As of 04/24/2021 We have Collected US$ 3331 and 2 Sets of Computer for Connect Nepal Project. We are very thankful to all donors for your generous and continuous support to make it possible. We at Nepalese Association of Florida (NAF), greatly appreciate your generous contribution. Your support helps to further our mission though "Connect Nepal" to establish rural Tele-center in Sisne Villege, East Rukum.

For those who want to donate in this initiative please follow gofundme link (https://gofund.me/92a0098e), or contact us for any kind of support.

| SN | Name of the Donors | Current Address | Amount (US$) | SN | Name of the Donors | Current Address | Amout (US$) |
|---|---|---|---|---|---|---|---|
| 1 | Amar Karki | Florida, USA | 20 | 30 | Moti Lal Neupane | Florida, USA | |
| 2 | Anil Shrestha | Florida, USA | 100 | 31 | Narayan Neupane | Florida, USA | 100 |
| 3 | Anila Neupane | Florida, USA | 100 | 32 | Netra Khanal | Florida, USA | 25 |
| 4 | Anugya Poudel | Florida, USA | 100 | 33 | Niraj Shrestha | Florida, USA | 100 |
| 5 | Basudev Pudasaini | Florida, USA | 100 | 34 | Nirajal Shrestha | Florida, USA | 25 |
| 6 | Bikash Devkota | Florida, USA | 200 | 35 | Nirmala Shrestha | Florida, USA | 100 |
| 7 | Bikram Oli | Florida, USA | 80 | 36 | Poonam Adhikari | Florida, USA | 50 |
| 8 | Bimal Nepal | Florida, USA | 10 | 37 | Pragati Ghimire | Florida, USA | 25 |
| 9 | Binod Basnet | Florida, USA | 25 | 38 | Priti Bhandary | Florida, USA | 25 |
| 10 | Bishal Gautam | Florida, USA | 20 | 39 | Rajeev Lamsal | Florida, USA | 100 |
| 11 | Vishwo Parajuli | Florida, USA | 100 | 40 | Rajendra Shakya | Florida, USA | 20 |
| 12 | Chakra Adhikari | NC, USA | 20 | 41 | Rajendra Shrestha | Florida, USA | 150 |
| 13 | Cheban Acharya | Florida, USA | 15 | 42 | Ram Rai | Florida, USA | 100 |
| 14 | Chooda khanal | Florida, USA | 25 | 43 | Ram Thapa | Florida, USA | 25 |
| 15 | Deep Karki | Florida, USA | 25 | 44 | Ramesh Khatiwada | Florida, USA | 25 |
| 16 | Dharma Acharya | Florida, USA | 100 | 45 | Ramesh Subedi | Oklahama , USA | 30 |
| 17 | Dinesh Khatiwada | Florida, USA | 170 | 46 | Sanjeev Pokhrel | Japan | 25 |
| 18 | Gita Neupane | Florida, USA | 101 | 47 | Suman Subedi | Florida, USA | 25 |
| 19 | Homan Regmi | Florida, USA | 45 | 48 | Suraj Bajgain | Florida, USA | 15 |
| 20 | Jay Banskota | Florida, USA | 25 | 49 | Suraz Pudasaini | Florida, USA | 50 |
| 21 | Jaya Khakurel | Florida, USA | 20 | 50 | Surya Baniya | Florida, USA | 100 |
| 22 | Jhanak Thapaliya | Florida, USA | 20 | 51 | Sushila Ghimire | Butwal , Nepal | |
| 23 | Khusi Tiwari | Florida, USA | 30 | 52 | Tirtha Mali | Florida, USA | 100 |
| 24 | Krishna Shrestha | Florida, USA | 25 | 54 | Unknown Donor | | 14 |
| 25 | Laxman Thapa | Florida, USA | 125 | 55 | Uttam Giri | Florida, USA | 110 |
| 26 | Madan Pudasaini | Dallas , Texas | 101 | 56 | Yadav Pokharel | California | 25 |
| 27 | Madhu Nepal | Florida, USA | 25 | 57 | Yogesh Malakar | Florida, USA | 150 |
| 28 | Manoj Bhattarai | Florida, USA | 50 | | **Total** | | **USD 3331** |
| 29 | Manoj Lamichhane | Florida, USA | 40 | | | | |

# एनसीसिओको साधारण सभा भव्यताका साथ सम्पन्न, निजानन्द मल्ल दोश्रो कार्यकालको लागि अध्यक्षमा निर्वाचित,




संयुक्त राज्य अमेरिकाको सूर्योदय राज्यको रुपमा परिचित फ्लोरिडाको मध्य क्षेत्रमा अवस्थित पर्यटकिय एवं ब्यवशायिक महानगरी ओल्र्याण्डो र यस वरपरको शहरहरुमा बसोवासी नेपाली समुदायको स्थानिय नेपाली संस्था NCCO – नेपाली सामुदायिक केन्द्र ओल्र्याण्डो फ्लोरिडाको आठौं बार्षिक साधारण सभा सम्पन्न भएको समाचार छ। केन्द्रको आठौं साधारण सभाको समुदघाटन शत्र गत शनिबार अपरान्ह जूम प्लेटफार्मको माध्यम सम्पन्न भएको छ।

केन्द्रका अध्यक्ष निजानन्द मल्लको सभापतित्वमा जूम प्लेटफार्ममा भएको उदघाटन समारोहको उदघोषण महासचिव कालु भट्टराईले गर्नुभएको थियो। संयुक्त राज्य अमेरिकाको बिभिन्न राज्यहरुबाट अतिथिको रुपमा जोडिनु भएका बिशिष्ट सामाजिक ब्यक्तित्वहरुको गरिमामय उपस्थिति रहेको उक्त अवसरमा एन.आर.एन. अमेरिका राष्ट्रिय परिषदका अध्यक्ष सुनिल साहले प्रमूख अतिथिको आसनबाट प्रवासी नेपालीहरु संसारको जुनसुकै भुभागमा रहेर पनि नेपाली भाषा, कला र संस्कृतिको जगेर्नामा हमेशा लागि रहन्छन्। एन.सी.सि.ओ.ले पर्यटकिय क्षेत्र ओल्र्याण्डोमा नेपाली सामुदायिक केन्द्रको स्थापना गरेर यस्का माध्यम स्थानिय समुदायमा नेपाल र नेपालीको संस्कृति पहिचानमा खेलेको भूमिका प्रति हर्ष ब्यक्त गर्नुभयो। साथै नेपालीहरुबिच एकता कायम गर्दै आफ्नो सामुदायिक बिकाशमा एन.आर.एन. र एन.सी.सि.ओ. जस्तो संस्थाहरु स्थापना भएका हुन र यस्तो अभियानमा लाग्न सबैलाई आह्वान गर्नुभयो। त्यस्तै गरि बिशेष अतिथि उत्तर अमेरिकाको जेठो नेपाली संस्था ए.एन.ए. का अध्यक्ष बिजय राज भट्टराईले केन्द्रको निर्माणमा आफूले हरसंभव सहयोग गर्ने बताउनु भयो। त्यस्तै गरि नाशाका अध्यक्ष बिनय अर्याल, नॅाफका अध्यक्ष अनिला न्यौपाने, अनेसास फ्लोरिडा च्याप्टरका अध्यक्ष दिप कार्की, एन.ओ.ए. फ्लोरिडाका अध्यक्ष डा. राजेन्द्र शाक्य, ए.एन.ए. का महासचिव डा. चुडामणी खनाल लगायतले कार्यक्रम एवं केन्द्रको उत्तरोत्तर प्रगतिको लागि शुभकामना ब्यक्त गर्नुभएको थियो।

केन्द्रका उपाध्यक्ष गीता न्यौपानेको स्वागत मन्तव्यबाट शुरु

भएको उक्त कार्यक्रममा ओर्ल्याण्डो नेपाली भाषा पाठशालाको गतिबिधि बारे समेत सभामा जानकारी गरॅाउनु भएको थियो। ओर्ल्याण्डो महिला समूह ( आरती राई, बिमला भट्टराई, शारदा मल्ल र बिनिता लकान्द्री ) बाट स्वागत गान प्रस्तुत भएको थियो भने केन्द्रका अध्यक्ष, सी.आर.सी.सि. का संयोजक एवं बोर्ड डाईरेक्टर बिकाश देवकोटा, महासचिव कालु भट्टराई, कोषाध्यक्ष दिनेश महर्जन लगायतले संस्थाको सम्वन्धित बिभिन्न समितिहरुको तर्फबाट बिविध पक्षहरु समावेश आ-आफ्नो प्रतिवेदनहरु प्रस्तुत गर्नुभएको थियो। उदघाटन शत्रको क्रममा आमन्त्रित बिभिन्न अतिथिहरुबाट मन्तव्य दिने क्रमको बिच-बिचमा ओर्ल्याण्डो नेपाली भाषा पाठशालाका नानीहरु ( धनिशा थापा, कृषा ढकाल, दिया महर्जन, बीर्जला लकान्द्री, संगित प्रशिक्षक देव राईको बॉसुरी धुन ) लगायत बाल कलाकारहरुको रेकर्डेड प्रतिभाको भिडियो प्रदर्शन समेत गरिएको थियो, जस्ले गर्दा कार्यक्रमलाई सॅास्कृतिक एवं सॅागितिक माहौल सृजित भएको थियो।

उक्त अवशरमा आगामी दुई बर्ष ( २०२१/२०२२ ) को लागि सर्वसम्मतिद्वारा पुन: निजानन्द मल्लको नेतृत्वमा नवगठित कार्य समितिलाई निर्वाचन समितिको तर्फबाट संस्थापक सदस्य राजेन्द्र श्रेष्ठले सपथ ग्रहण गरॅाएर पदास्थापन गर्नुभएको थियो। केन्द्रको स्थापनाको औचित्यमा बिभिन्न कार्यकालका समितिहरुले पुर्याउदै आएको योगदान प्रति आभार प्रकट गर्दै नव निर्वाचित समितिले केन्द्रको उदेश्य प्राप्तिको लागि अग्रसर रहनेमा शुभकामना दिनुभएको थियो।

एन.सी.सि.ओ. आगामी दुई बर्षको कार्यकाल २०२१/२२ लागि नवगठित समितिका पदाधिकारीहरुको नामावली देहाय बमोजिम रहेको छ।

१) अध्यक्ष:- निजानन्द मल्ल
२) उपाध्यक्ष:- अमिता देवकोटा
३) महासचिव:- पदपूर्ति गर्न बॅाकी
४) कोषाध्यक्ष:- दिनेश महर्जन
५) सूचना सचिव:- राजिव श्रेष्ठ
६) का.स. सदस्य:- लक्ष्मण थापा
७) “ “ :- कालु भट्टराई
८) “ “ :- बिष्णु लकान्द्री
९) “ “ :- अनिता थापा

यसरी कार्यक्रमको अन्त्यमा केन्द्रको तर्फबाट नव पदस्थापित उपाध्यक्ष अमिता देवकोटाले आमन्त्रित प्रमूख अतिथि, बिशेष अतिथि, अन्य अतिथिगण बिभिन्न संघ संस्थाका प्रतिनिधि, पदाधिकारी, अभिभावक, पाठशालाका गुरु बा-आमा, बाल-बालिका लगायत सम्पूर्ण सहयोगिजन एवं सुभेच्छुक मनहरु प्रति आभार प्रकट गर्नुभएको थियो। यसरी अन्तिममा कार्यक्रम संचालक भट्टराईले अध्यक्षको अनुमतिले सबै प्रति धन्यवाद ज्ञापन गर्दै उदघाटन समारोहको समापन भएको घोषणा गरेर कार्यक्रमको बिधिवत समाप्ति भएको थियो।

शाभार: https://www.enepalese.com/

## Friend in Need....!

- Ram, Rai,
Orlando.



Entering their small one-bedroom apartment, flustered and thirsty, "Thank goodness 2020 is over!" said ***Bhunte,*** a young Nepali man in Orlando.

"How I wish it had taken this hellish **CORONA**, with it." replied his budding girlfriend, ***Rina!***

"Hey, please leave my **CORONA** alone. That's my last bottle. You know the stores stopped selling them!"

"Relax, my dear ***Bhunte!*** I meant the ***Pandemic,*** not your precious ***holy water*** which makes you hallucinate like ***Shivaji!***"

"Oh, my precious ***Rina,*** how I love you," said ***Bhunte,*** removing his half-frozen **BEER** bottle from the fridge and taking 2 quick gulps. Our friend "***Dinesh Maharjan*** told me there are few Nepali men in Orlando, who fell victims to this COVID-19. He is arranging with **Mr. Bikash Devkota** to help them with cash aid from **NCCO's,** COVID-Relief fund."

"That's wonderful news. I am glad NCCO is doing such worthwhile humanitarian work!" opined ***Rina***. "Do you know how much they are giving?"

"The COVID, Committee have decided on $200 each," he stopped, but continued, "you remember, about 4 months ago **NCCO** also donated $300 to a Nepali Family in Orlando, who thankfully recovered from this deadly disease," said ***Bhunte***, taking another swig from his half empty **CORONA** bottle.

"Darling ***Bhunte***, go easy on that ***holy water*** will you?" said ***Rina,*** smiling and added, "let's call ***Dinesh*** and ***Bikash uncle*** to congratulate them on this wonderful humanitarian gesture!"

**The NAF executive team would like to congratulate Lion Nijananda Malla Ju, charter president of Lion's club in Florida and his team for successfully formulation of lions club in Florida. Congratulations and best wishes to the entire team of "Greater Orlando Lord Buddha Lions Club" for successful tenure.**



## Nepalese in Real state Business in Florida

**- Jaya Khakurel**

Dear Florida Nepalese,

Just a note to keep you posted on how excited I am to be in the Real Estate business with Watson Realty Corp!

We have so many benefits and services to offer, not only to the local buyers and sellers in our area, but also to people moving all over the United States! I can help any of your friends who might be moving from Chicago to Dallas or New Orleans to New York City etc.

Our Relocation Department has a whole network of REALTORS® through the "Leading Real Estate Companies of the World®" and we can refer you to a qualified REALTOR® just about anywhere! This can be a tremendous benefit to your friends, or even yourself, should you elect to move to another city, since I can help secure information on your destination prior to relocating. This free service is available to any of your friends who might be moving to another city.

It's great to be in such an exciting business and be able to help so many people!




WATSON
Leading
REAL ESTATE
COMPANIES
OF THE WORLD
Watson Realty Corp. REALTORS®
Viswanath "V" Parajuli
REALTOR®
Cell: 917-420-5826
Office: 407-772-3623
Fax: 407-862-5800
vparajuli@watsonrealtycorp.com
vparajuli.watsonrealtycorp.com
317 Wekiva Springs Rd, Suite 1
Longwood, FL 32779
MLS


Nepalese Association of Florida
Presents
Interaction Program on
Current Real Estate Market
Opportunity and Challenges
Santosh Sthapit
They Keyes Company
South Florida
Jaya Khakurel Pandey
Watson Realty
Corporation
Ponte Vedra
Vishwa Parajuli
Watson Realty Corporation
Orlando
For Sale
SALE
Madhu Nepal
NAF Tallahassee Chapter
Moderator
Date: Saturday, MAY 1, 2021
Time: 8 PM EDT – 9:30 PM EDT
Zoom Meeting ID 828 4936 6208 Passcode 103792

**-Santosh Sthapit**




I look forward to assisting you with Buying, Selling or Leasing any **Residential or Commercial** Properties and/or Investment properties in South Florida. I am a **Licensed Realtor with The Keyes Company**, by working with me and The Keyes Company, you will benefit from ninety years of experience in the industry with a stellar reputation and South Florida's #1 independent brokerage.

My extensive expertise in South Florida includes **Palm Beach, Broward and Miami Dade County**. Additionally, through Keyes Company we have an excellent relocation division that has access to superior agents throughout the US and the world. Our services include First time home buyers programs, Mortgage Loans, Insurance, Title Services and Property Management.

**Please call/text or email me:**
**Santosh Sthapit**
**Cell Phone: (954) 881-6087**
**Email:** SantoshSthapit@Keyes.com



# नयाँ बर्षमा नभेटिएका महको "ह"

डा. अमर कार्की,
ठेचो ललितपुर
हाल: पामबिच, फ्लोरिडा
, अमेरिका



२०७७ सालको नेपाली नयाँ बर्ष को उपलक्ष्यमा फ्लोरिडा राज्यको वेस्टपाम बिच शहरमा एउटा सांस्कृतिक कार्यक्रम गर्ने भनेर तयगरिएको थियो। उक्त कार्यक्रममा संयोग बस बरिस्थ हास्य कलाकार हरिवंश आचार्य ज्यु पनि फ्लोरिडाको वेस्टपाम बिच टुपलुक्क आइपुग्ने कुराले हामी सबै उत्साहित थियौ। त्यहीँ क्रममा मैले पनि यसो आफ्नो साहित्यिक कला देखाउछु भनेर यो तलको छोटो प्रस्तुती तयारगरेको थिए। तर " उडायो सपना सबै कोरनाले" भने जस्तो भयो। कार्यक्रम नै रद्द भयो र महको ह लाई भेट्न सकिएन। म जस्तै सयौपामबिच बासी उहाँका फ्यानहरु निराश भए। त्यो तुहिएको मेरो प्रस्तुति हुबहु तल राखेको छु पढ्नु होला र त्यहाँ हुन नसकेको माहोलकोकल्पना गरेर मनोरञ्जन लिनु होला।
मेरो प्रस्तुति को शिर्षक थियो "महको ह कान्ड".
..

जैले हसाउने हरि जैले हसाउने
कैले हसाउने हरि कैले रुवाउने
कैले जुर्लां उनी सङ्ग हात मिलाउने

आज बल्ल मौका जुर्यो
तर खासमा राम्रो रहेछ हाम्रै नेपाली संस्कार
त्यसैले हरि दाइ लगायत सबैलाई नमस्कार


महको प्रख्यात प्रहसन "गाउँ खाने कथा" त सबैले हेर्नु वा सुन्नु भएको होला। अब अहिले त प्रायः सबै गाउँहरु सहर भैसक्यो त्यसैले आजम महको तर्फबाट एउटा "लोप्पा खाने कथा" सोध्छु सबैलाइ है त।

ल सुन्नुस
पिउन मिल्ने,
पिउन मिल्ने तर छुन नमिल्ने के हो?
सुन्नुस सुन्नुस
पिउन मिल्ने तर छुन नमिल्ने के हो?

सही उत्तर हो: कोरना
कसरी कसरी भन्नु होला भने
कोरना बियर पिउन मिल्छ तर कोरना भाइरसलाई छुन चाहिँ मिल्दैन नी हैन!

यसको सहि उत्तर दिनेलाई कोरना नामको एक कार्टुन मेक्सिकन बियर र एक पाकेट फेस मास्क बजारमा उपलब्ध नभएकोले "इखाइस" भनेर लोप्पा खुवाउनु पर्ने अबस्था रहेकोले यस्को नाम "लोप्पा खाने कथा" राखिएको हो। माफ गर्नु होला।

हरि दाइको कार्यक्रम तय भए पछि हाम्रो कार्यक्रम संयोजक मनोज जी लाई "मनोज जी हामीले पनि कमेडी गर्न पाउनु पर्छ है बिचबिचमा" भन्ने बिचार मनमा आएको थियो। महको "ओहो" भन्ने टेली श्रृङ्खलामा जब हरिदाइ पशुपति पुगेर बागमतीमा स्नान गर्न जानु
हुन्छ तब एउटा केटाले "ए दाइ बागमतीको फोहर पानीले के नुहाउनु हुन्छ? ल यो बोतलको सफा पानी किन्नुस" भन्छ अनी हरि दाइले"हेर बाबु तिम्रो त्यो यित्रो बोतलको पानी चाहिदैन यि हामीले गाउकै कुवाबाट पानी लेराको छम्। अब बागमती तिर हेर्ने आफ्नै पानी लेनुहाउने" भन्दै यत्रो ठुलो जर्किन निकाल्नु हुन्छ। हो त्यसै गरी मनोज जी ले पनि "पर्दैन पर्दैन अमर जी नेपाल बाट कमेडीको



सेफ नै लेराउदैछौ कहाँ तपाइको चान चुन कमेडी सुन्ने" भन्नु होला भनेर मैले सोध्ने हिम्मत नै गरीन।तर हरिदाइको बारेमा म एउटा हास्य कबिता भन्छु भनेर यो मौका मिलाए। आज साच्चै नै हसाउने कबिता लेराएको छु। कृपया हासिदिनु होला है। कहिलेकाहीँ कस्तो पनि हुन्छ भने वेस्ट पाम बिचमा हाम्रो एक जना साथी हुनुहुन्छ उहाँलाइ माइक भेट्यो कि भाषण गर्न सक सकलाग्छ। तर अस्ती एउटा कार्यक्रममा उहाँलाई एउटा जोक भन्न मन लागेछ। उहाँले जोक भन्नुभो तर जोक सकिदा पनि सबैजना नहासीसिरियस भएर बसेको देखे पछि उहाँ आफैले यो जोक हो नि भन्नु परेछ। उता फेरि हाम्रो आर्को साथी हुनुहुन्छ जो सङ्ग जोकको भन्डार नैछ। नेपाली जमघटमा उहाँको जोकहरु सुन्न पाहिरहन्छ। एक पटक एउटा कार्यक्रममा उहाँलाइ एउटा अलि गम्भिर बिषयमा बोल्न दिएकोथियो। तर उहाँले बोलिसके पछि सबै गलल्ल हासे। उहाँले यो जोक हैन है सिरियस कुरा हो भन्नु परेको थियो। यो एउटा रमाइलो मात्रैगरेको। हामी उहाँहरु दुबैजना साथीको सम्मान गर्छौ।

अब फेरि मह तिरै फर्कौ। मैले महको प्रहसनहरु यती धेरै पल्ट सुनी र हेरी सके कि अब त हरि दाइले केही गर्नै पर्दैन। अगाडी बस्दिनु भएपुग्छ। हाम्रो स्मृतिमा महको "गाउँ खाने कथा" र "अंशबन्डा" देखी "हरि बहादुर मदनबहादुर" सम्म

को दृश्य भिडियो क्यासेट घुमे झै घुम्नथाल्छ अनी आफै हासो फुर्छ।
हरिदाइ आज म तपाइको बारेमा यस्तो कुराहरु भन्छु जुन  हरिदाइलाई पनि थाहा छैन । भनु। पहिलो कुरा म हरिदाइलाई राम्रो सङ्ग चिन्छु तर उहाँले मलाइ चिन्नु हुन्न्। यो कुरा उहाँलाई थाहा थिएन भनेर उहाँ पनि स्विकार्नु हुन्छ।धेरै पैले हरि दाइले हामीलाई एउटा टेप रेकर्डर पनि किनाइदिनु भाको थियो। आज भन्दा झन्डै चालीस बर्ष पहिले। जब महको "गाउँ खानेकथा" र "अंशबन्डा" जस्ता प्रहसनको क्यासेटहरु भर्खर भर्खर बजारमा आएको थियो त्यतिबेला हाम्रो घरमा त्यो बजाउने भाडो थिएन।त्यसैले म सधै साथीको घरमा सुन्न जान्थे अनि मैले होमवोर्क गर्न भ्याउन्न थे। मेरो पिताजीले वाक्क भएर मेरो माताजीको कानको ढुग्रीबेचेर घरमा नै एउटा टेप रेकर्डर किनेर लेराइ दिनु भएको थियो। हामीले त्यो क्यासेट यति पटक सुनेम कि मेरो दाइ र म एक जनामदनवंश र आर्को हरिकृस्न भएर सबै सम्बादहरु खरर बोल्न सक्थेम्। ति सम्बादहरु स्कूलका साथीहरुलाई सुनाएर बेला बेलामाफोगटमा खुवा बरफ र पिरो नुन खुर्सानी दलेको कुसुलेको काक्राको चिरो पनि सित्तैमा बजाइन्थ्यो। आर्को कुरा उहाँको नाम साझा बस पनि हो भन्ने कुरा हरिदाइलाई नै थाहा छैन।
एकादेशमा हाम्रो घर अगाडीको बाटोमा लगनखेल टु चापागाउ साझाबस चल्थ्यो। तर साझा बस जती कमिसन खोरहरुले क्वामल्वाङ्गपारे पछि बस सन्चालन बन्द भएको थियो भने बसका पार्ट्पुर्जा चाहिँ सबै साझा भएको थियो। एक दिन म अफिस जानको लागि तयारहुदै थिए मेरी छोरीले "आमा आमा साझाबस आयो साझा बस" भनेर मेरो आमालाई भान्चामा भन्न पुगी। म "एहोर साझा बस फेरि चल्नथाले छ" भनेर यसो उठेर झ्यालबाट बाहिर चियाए तर त्यहाँ त रोडा र ढुङ्गा बोक्ने थोत्रो ट्रक पो धुवाँ र धुलो उडाउदै आइरको छ। खोइसाझाबस भनेको त उसको साझा बस त हरि दाइ पो हुनु हुदो रहेछ। "साझा बसमा जो पनि चढ्दछ" भन्ने गित हेर्दा हेर्दा उसले त उहाँकोनाम नै "साझाबस" पो राखेकी रहिछ। बोस्टनमा भएकी त्यही छोरीलाई यसपाली साझा बस आउदै छ नि हाम्रो सहरमा नयाँ बर्ष कोप्रोग्राम मा भनेको छोरी दङ्ग भाकी छे।

तेश्रो कुरा हरि दाइले हामीलाई मात्र हैन यहाँ हाम्रो छिमेकी दाइ भाउजुलाई समेत फिट अर्थात हेल्थि हुन हेल्प गर्नु भाको छ। कसरीसुन्नुस ।
म मेरी श्रीमतीलाई म सङ्गै बेलुकी हिड्न जाउ भन्थे उनी अल्छी गर्थिन। म ड्राइभिङ्गा जादा वा वाकिङ्गा जादा अडियो बूक अर्थात सुन्नेकिताबहरु सुन्थे। घरमा बसेको बेलामा उनीसङगै सुन्न थाल्यो भने उनको ध्यान त्यति नजाने हुनाले एउटा भाग सकाउन

पनि हम्मे हम्मेपर्थ्यो। जब हरि दाइको "चिना हराएको मान्छे" भन्ने पुस्तक अडियोमा आयो म श्रीमतीसङ्गै घरमै सुन्न बसे। पहिलो भागमै जब मदनदाइले हरि दाइको तारीफ गर्दै मह जोडीलाई आलु र प्याजको जोडी सङ्ग तुलाना गरेको कुरा आउछ उनी "ओहो आलुको अचार खानमन लाग्यो आलु उसिन्न बसालेर आउछु है" भनेर भान्चातिर हिडिन। म अडियो त्यही पज गरेर उनलाई कुर्थे। उनी आलु बसालेर आए पछिफेरि प्ले गर्थे। कथा अघि बढ्दै जादा जब हरि दाइको बुबाको छोरा छोरीको कुरा निक्लियो उनले आफ्नो इवाट्ट आफ्नी छोरी लाईसम्झिन अनी "ओहो पर्सि छोरी आउछे त्यसको कोठाको तन्ना फेरिदिएर आइ हाल्छु है म" भनेर फेरि उठेर गइन। मैले फेरि पज गरे।यसरी हरेक हरफमा आउने सब्दहरुले उनीलाई कुनै न कुनै काम सम्झाउथ्यो र मैले पज गर्नु पर्थ्यो। यसरी त्यो भाग एक दिनमा पनि पुरासुन्न सकिएन। भोली पल्ट बेलुकी म वाकिङ जान निस्कदा उनले म पनि जान्छु कस्तो टाउको भारी भाको छ भनेर म सङ्गै निस्किन। सधैजस्तै मैले "चिना हराएको मान्छे" सुन्न थाले। उनी पनि चुप चाप सुनिरहेकी थिइन्। त्यहाँ उनीलाई अलमल्याउने कुनै चिज थिएन। त्यसरीपुरै एक चक्कर लाउदा हामीले पहिलो भाग पुरा सुनेम। उनीलाई यो किताबमा रस पसेछ। जब दोश्रो भाग अन लाइन मा आयो मैलेउनीलाई देखाए। उनले सुनम सुनम भनीन्। मैले भो घरमा त सुन्दीन म सङ्गै वाकिङ जाने भए सुन्न पाहिन्छ भनेर म हिडे पछि उनी पनि मसङ्गै हिड्न थालिन। यसरी बार्गेनिङ्ग गरेर उनी र म हरेक हप्ताको दुइ दिन नयाँ नयाँ भाग वाकिङ मा सुनेर पुरा किताब सुनियो रउनीलाई हिड्ने बानी पर्यो। पछि पछि त हाम्रो छिमेकी दाई भाउजुलाई समेत हरेक दिन बेलुकि एक घन्टा हिड्ने बानी पारियो।
यो सबै कुराको श्रय भने हरिदाइलाई नै जान्छ।

अब मेरो हास्य कबिता तिर जाउ।

कल्लाइ थाहा छैन र मह जोडीको कथा
तर आज म भन्छु महको "ह" को ब्यथा

त्यो मुला जुडुवा भाइले अंशबण्डामा मारेको हरि
सिडै राङाको टाउको अटाउने प्रेसर कुकर छोडी
बर्षौ पुरानो पिनास निको हुने रत्पार्कको सार्बजनिक सौचालय पाउदा पनि
आफुले किनेको चिठ्ठा बाट अरुलाई सिङ्गै घर परी
घास काट्ने खुर्केर आयो जोबन हुर्केर गाउदै भुत बनेर रात बिताए अनि
झ्यालबाट फाकेको तातो ढिडो छिमेकीको टाउकोमा परी
मन परेकी मैयाले धोका दिदा १५ गते नै बिहे गर्छु भनेर बिग्यापन दिदा पनि
देशको बिकास र न्याय मरेर गएको यमलोकमा गेट


पाले बनेका हरी
आफ्नै जग्गा समेत खाइदियो मोहिले लालपुर्जा चढाउन
मुक्तीनाथ पुगे उनी
बिचर पिकनिकमा सा.....उनी भन्दै सुर बेसुरको गित गाए बरी
लक्ष्मीको साथ मिलेन साझा बसमा गित गाउदै
नातामा मन्त्रीको सालो बनि
ओहो आफ्नो दात थोतो र बुढीको कान बुच्चो हुने गरी
रङ्गिन टिभी किनी गाउले थुपारी कुष्ठरोग बारे राम्रा सन्देस दिए पनि
सबै भन्छन त त सार्है नै बिग्रीस नि बद्री बेची गाउको घडेरी
अझै
दशैमा हाकिम्नीले बोको चोरेको दोस लगाइ खेदे पछि
यिनले पनि सार्है दुख दिए बिचर मदन बहादुरलाई पछि हरी बहादुर बनि
तै पनि बसेका छन यि महका हरि
सारा नेपालीको मनमा सार्है प्रीय बनि

धन्यवाद !

***

## "जवानी "

- विकास देवकोटा
" नयाँघरे"
ओर्ल्याण्डो, फ्लोरिडा



प्युन पाए जवानीको रस मिठो हुन्थ्यो
संधैं संधैं  बैशाख जस्तो ज्यून पाए हुन्थ्यो
पंछी जस्तै आकास माथी उड्न पाए हुन्थ्यो
निर्मल गगन जस्तै जीवन बाँच्न पाए हुन्थ्यो

नपिउदामै मात लाग्यो कस्तो जिन्दगानी
अन्जानमै बित्दो रैछ आधा हाम्रो जूनी
झरी सक्यो कोपिला ति ओइलीयेर पात
प्रियसीको मात्र मिल्छ जवानीमा साथ

माली छैन बगैंचामा उजाड भयो फूल
जिन्दगीमा कसैलेनी गर्नु हुन्न भुल
पिडा नभई मुटु भित्र किन गाँठो पर्थ्यो
पानि बिना पहाडबाट किन झरना झर्थ्यो

# यसरी सम्भव छ स्मार्ट सोसाइटी

— नारायण न्यौपाने



स्मार्ट समाज (सोसाइटी) को अवधारणाका बारेमा हिजोआज निकै सुन्ने गरिन्छ । केही वर्षअघिसम्म 'ई' शब्द प्राय: सबै विकासका क्षेत्रहरूका अगाडि लगाउने गरिन्थ्यो र अझसम्म पनि यो प्रचलन कायमै छ, जस्तै : ई–सोसाइटी, ई–कृषि, ई–सेवा, ई–हेल्थ, ई–शिक्षा आदि । हिजोआज भने 'स्मार्ट' जन्य शब्दहरू बढी प्रचलित हुँदैछन्, जस्तै : स्मार्ट घर, स्मार्ट सहर, स्मार्ट समाज आदि । स्मार्ट घर, सहर, समाज बिस्तारै राजनीतिक एजेन्डाका रूपमा समेत विश्वव्यापी प्रचलित बन्दैछन् । नेपालमा पनि स्मार्टसिटी, स्मार्टपालिका, स्मार्ट सोसाइटीका नामले चर्चा बटुल्दै छन् । यसैलाई मध्यनजर गर्दै स्मार्ट समाज (सोसाइटी) कसरी सम्भव छ भन्ने विषयलाई केही चिरफारको प्रयत्न गरिएको छ ।

संसारमा जनसंख्या वृद्धिदर बढ्दो छ ।

अहिले विश्वको जनसंख्या ७.६ अर्ब अनुमान गरिएको छ र सन् २०५० मा ९.८ अर्ब पुग्ने अनुमान छ । साइबर क्राइम पत्रिकाको सर्वेक्षणअनुसार २०२५ सम्म जम्मा ६ बिलियन मानिसको पहुँचमा इन्टरनेट पुग्नेछ । यो संख्या पृथ्वीको कुल जनसंख्याको ७५ प्रतिशत हो । यो आँकडाअनुसार २०३० सम्ममा ७.५ अर्ब अर्थात् ९० प्रतिशतको पहुँचमा इन्टरनेट पुग्नेछ । नेपालकै सन्दर्भमा पनि जनसंख्या वृद्धिदर बढ्दो छ । यसैगरी इन्टरनेट प्रयोगसमेत बढ्दो छ । नेपाल टेलिकमको गत वर्षको आँकडा हेर्ने हो भने ६३ प्रतिशत जनतामा इन्टरनेट पहुँच पुगेको छ र यो संख्या हरेक महिना बढ्दो छ । २०२५ सम्म नेपालमा पनि ८० प्रतिशतभन्दा बढी जनतामा इन्टरनेट पहुँच पुग्नेछ । यो त भयो इन्टरनेटको कुरा, त्यस्तै बसाइँसराइको अवस्था हेर्ने हो भने पनि मानिसहरू सहरमा केन्द्रित बन्ने, अलि सुविधासम्पन्न ठाउँमा बसाइँ सर्ने प्रचलन छ ।

मूलत: सूचना–सञ्चार प्रविधिको अधिकतम प्रयोग गरी जनताको रहनसहनमा सहयोग पु-याएको समाज नै स्मार्ट सोसाइटी हो । स्मार्ट समाज स्थापनाका लागि तीन मुख्य विषयमा ध्यान हुनुपर्छ ।

अन्ततोगत्वा स्मार्ट समाज स्थापनापश्चात् यिनै विषय मजबुत भएर पनि आउँछन् । ती हुन्, जनताको स्वास्थ्य, सुख र खुसी, मजबुत अर्थतन्त्र र कार्यपालिकाको प्रभावकारिता तथा पारदर्शिता । समाजका विभिन्न क्षेत्रमा सूचना–सञ्चार प्रविधिको अन्तत्रिrmयात्मक तरिका प्रयोग गरी साधनस्रोतको उच्चतम प्रयोगद्वारा अनावश्यक खर्च र एकत्रित आयातलाई कम गर्नु स्मार्ट समाजको उद्देश्य हुने गर्छ । स्मार्ट समाजका केही आधार यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

**ऊर्जा :** आधुनिक सहर भनौं वा मानव जीवन नै विभिन्न किसिमका ऊर्जामा निर्भर छ । आईओटीद्वारा स्वचालित स्मार्ट ग्रिड र ब्याट्रीको उच्चतम सञ्चय गरेमा यसको सहयोगबाट स्मार्ट समाजमा ऊर्जाको वितरण तथा सञ्चय गर्न सकिन्छ । लाइट, ऊर्जाबाट सञ्चालित यातायातका साधनको प्रयोगमा प्रविधिको प्रयोग गरी ऊर्जाको प्रयोग गर्नाले स्मार्ट समाज निर्माणमा सहयोग पुग्छ ।

**यातायात :** यातायात अहिलेको समाज निर्माणमा एकदमै महत्वपूर्ण साधन हो । तर, यस्ता साधनबाट सडक निर्माणका कारण जमिन बढी नै प्रयोग भएका छन् । वातावरणीय प्रदूषणको कारक सवारीसाधन भएका छन् भने मानव जीवनमा कुल खर्च बढाइरहेका छन् । यसको प्रयोगबाट हुने नकारात्मक कुराभन्दा बढी यसको प्रयोग गर्नु अतिआवश्यकीय साधन बनेको छ । स्मार्ट सोसाइटीका लागि स्मार्ट प्रविधिको यातायात क्षेत्रमा सकारात्मक प्रभाव हुने गर्दछ । सूचना–सञ्चार प्रविधिको प्रयोग माथि उल्लिखित ऊर्जाको प्रयोग, प्रदुषण, खर्च लगायत कम गर्न सकिन्छ ।

**सामुदायिक सुरक्षा :** सुरक्षाकै कारण मानव जीवन असामान्य बन्दै गएको छ । मानिसबाटै सुरक्षामा चुनौती थपिँदैछ, साथै यसबाट समाज आक्रान्त छ । घर, व्यवसाय, सडक, कार्यालयहरूमा सिसिटिभीको प्रयोग, विभिन्न खाले सुरक्षाका उपकरणहरू मोबाइल एपहरूको प्रयोग पनि बढ्दो छ । समाज निर्माणमा सामुदायिक सुरक्षा निकै महत्वपूर्ण विषय हो । स्मार्ट समाज निर्माणका लागि समेत सूचना सञ्चार प्रविधिको प्रयोग गरी सामाजिक सुरक्षालाई टेवा पु-याउने खालका क्रियाकलाप हुन जरुरी छ ।

**शिक्षा :** स्मार्ट समाजको एउटा मापदण्ड शिक्षा पनि हो । शिक्षित समाज स्मार्ट समाजको आधार हो । स्मार्ट समाज निर्माणका लागि डिजिटल दूरी कम हुनुपर्छ । शिक्षित समाजले मात्र डिजिटल दूरी कम हुने गर्छ । शिक्षामा प्रविधिको प्रयोगका साथै प्रविधिक शिक्षा पनि स्मार्ट समाजका लागि आवश्यक हो । कक्षाकोठामा मात्र प्रविधिको प्रयोग गरेर होइन, समग्र शिक्षा प्रणालीमा स्मार्ट प्रविधिहरूको प्रयोग गरिनुपर्छ ।

**स्वास्थ्य :** स्वास्थ्य क्षेत्र पनि प्रविधिमै आधारित भएकाले जनस्वास्थ्य क्षेत्रमा प्रविधिको सकारात्मक प्रभाव परेको छ । यसको प्रयोगले लगानीसमेत घटाएको छ । टेलिमेडिसिनको प्रभावले स्वाथ्यको पहुँच दूरदराजसम्म फैलाउन सम्भव छ । स्वास्थ्यसँग सम्बन्धित विभिन्न सफ्टवेयर तथा मोबाइल एप र व्यक्तिगत उपकरणहरूले आफ्नो स्वास्थ्यस्थितिमा राम्रै सहयोग गरिराखेका छन् भने स्मार्ट समाज निर्माणमा जनस्वास्थ्यलाई केन्द्रमा राखि स्मार्ट प्रविधि र डाटाको प्रयोगवाट, व्यक्तिको अन्तत्रिrmयात्मक तरिकाबाट प्रयोग गर्न सकिन्छ ।

**रोजगारी तथा आविष्कार :** आर्टिफिसियल इन्टेलिजेन्स (एआई) का माध्यमले पुराना कामलाई विस्थापित गर्दै गइरहेको अवस्थामा सूचना–सञ्चार प्रविधिका कारण रोजगारी

घटेको भन्ने पनि छ । तर, वास्तविकता त्यसोतसफ्टवेयर तथा मोबाइल एप र व्यक्तिगत उपकरणहरूले आफ्नो स्वास्थ्यस्थितिमा राम्रै सहयोग गरिराखेका छन् भने स्मार्ट समाज निर्माणमा जनस्वास्थ्यलाई केन्द्रमा राखि स्मार्ट प्रविधि र डाटाको प्रयोगवाट, व्यक्तिको अन्तत्रि्रmयात्मक तरिकाबाट प्रयोग गर्न सकिन्छ ।

**रोजगारी तथा आविष्कार :** आर्टिफिसियल इन्टेलिजेन्स (एआई) का माध्यमले पुराना कामलाई विस्थापित गर्दै गइरहेको अवस्थामा सूचना–सञ्चार प्रविधिका कारण रोजगारी घटेको भन्ने पनि छ । तर, वास्तविकता त्यसो नभई आधुनिक प्राविधिक क्षेत्रमा रोजगारीका नयाँ विधा थपिएका छन् । नयाँ आविष्कार तथा आधुनिक प्रविधिको माध्यमबाट प्राविधिक रोजगारिमा वृद्धि त भएकै छ, त्यसमाथि पुरातन शैलीलाई परिवर्तन गरिदिएको छ । जसले समय, खर्चसमेत कम गरिदिएको छ । मानिसले पशुहरूका माध्यमबाट गर्दै आएको गाह्रो कामलाई मेसिनले विस्थापित गरिदिएको छ । डेलोइट कम्पनीले गरेको इंग्ल्यान्ड र वेल्सको विगत १४० वर्षको तथ्यांकको अध्ययनबाट प्रविधिका कारण जति रोजगारी घटाएको छ, त्योभन्दा बढी नयाँ रोजगारीको सिर्जना गरेको पुष्टि गरेको छ ।

**आधारभूत आवश्यकता :** स्मार्ट समाजका लागि त्यहाँको पर्यावरण तथा पानी निकै महत्वपूर्ण रहन्छ । प्रविधिको प्रयोग गरी आधारभूत वस्तुहरूको वितरण तथा आपूर्ति स्मार्ट समाजका लागि अति आवश्यक छ । गुणस्तरको प्रत्याभूति, पानीलगायतका लागि प्रविधिको प्रयोग पनि स्मार्ट समाज स्थापनाका लागि आवश्यक तत्वहरू हुन् । गाँस, बास, कपासजस्ता विषयलाई प्रविधिकै प्रयोगमार्फत पूर्ति गर्नु नै स्मार्ट समाजको आधार हो ।

प्रविधिलाई केन्द्रमा राखेर हेर्दा, तीन मुख्य विषयहरू इन्टरनेट अफ थिङ्स, विग डाटा, नेटवर्क तथा कनेक्टिभिटीको सम्मिश्रणबाट स्मार्ट सोसाइटीका लागि आधार तयार हुन्छ ।

**इन्टरनेट अफ थिङ्स:** आईओटी भनेर चिनिने इन्टरनेट अफ थिङ्स, सूचना सञ्चार प्रविधि क्षेत्रमा निकै सुनिन्छ । यो एउटा एकत्रित प्रणाली हो, जसमा कम्प्युटर वा कम्प्युटरजन्य उपकरणमात्र नभई विद्युतीय सामग्रीहरू, वस्तुहरू, जनावर तथा मानिससमेत अन्तरसम्बन्धित भई छुट्टै पहिचान बनाएका हुन्छन्, जसले नेटवर्क तथा कनेक्टिभीटीको माध्यमबाट डाटा मानव तथा कम्प्युटर वा मानव–मानवबीच सम्प्रेषण गरिन्छ ।

**बिग डाटा:** बिग डाटा अत्यन्त ठूला एकै किसिमका डाटाहरूको भण्डार हुन् ।




कम्प्युटरको माध्यमबाट डाटाको तौरतरिका, यसका अन्तरसम्बन्धहरू खासगरी मानिसका बानीव्यवहार र अन्तरक्रियाका आधारबाट मात्र यसको अध्ययन तथा केही खास निर्णय लिने वा गर्न सकिन्छ । स्मार्ट सोसाइटीमा सही निर्णयहरू केबल डाटाको सही अध्ययनले मात्र हुने गर्छन् । हिजोआज प्रविधिका लागि गरिने ठूला लगानी डाटाको भण्डारणलाई व्यवस्थापन तथा परिष्कृत गर्नमा हुने गर्छन् ।

**नेटवर्क तथा कनेक्टिभिटी:** नेटवर्क तथा कनेक्टिभिटी, स्मार्ट सोसाइटीका लागि अर्को महत्वपूर्ण पूर्वाधार हो । नेटवर्क तथा कनेक्टिभिटी भन्नाले नेटवर्क उपकरणहरूको माध्यमबाट कम्प्युटर वा कम्प्युटरजन्य उपकरणहरू एक–आपसमा जोडिएर डाटाको आदानप्रदान गरिराखेका हुन्छन् । हाम्रो दैनिक जीवनमा प्रयोग हुने अथवा जानेसुनेका जस्तै मोबाइल नेटवर्क, इन्टरनेट, वाइफाइ नेटवर्क तथा कनेक्टिभिटीका केही उदाहरण हुन् ।

विकासका क्षेत्रहरूमात्र नभई समाजमा भएका नैतिक मूल्य, मान्यता, नीतिनियम, सांस्कृतिक गतिविधि र कानुनकै आधारहरूलाई नै स्मार्ट सोसाइटीका लागि चाहिने मान्यताहरूको रूपमा लिन सकिन्छ, जसले वास्तविक समाजलाई निर्देशित गर्छ । नैतिकता कायम राख्नकै लागि नीतिनियम, कानुनहरू चुस्तदुरुस्त हुने गर्छ, जसका आधारमा स्वतन्त्र तरिकाले बाँच्ने आधारसमेत बन्ने गर्छ । समाजले जनता बनाउने होइन कि जनता मिलेर समाज बन्ने गर्छ । जनघनत्वको व्यवस्थापन र आत्मनिर्भरका साथै न्याय, शान्ति, जनअधिकार, सामाजिक सुरक्षाजस्ता विषयहरू स्मार्ट समाजका मान्यताहरूमा पर्ने गर्छन् ।

झट्ट हेर्दा स्मार्ट सोसाइटी सजिलै बन्छ जस्तो देखिए पनि यो निर्माणका लागि राजनीतिक इक्षाशक्ति धेरै नै चाहिन्छ । स्मार्ट समाज निर्माणमा केही प्राविधिक चुनौती पनि छन् । स्मार्ट समाज निर्माणको सुरुवातदेखि नै साइबर सुरक्षाजस्ता विषयहरूलाई योजनाबद्ध तरिकाले प्रयोग तथा अवलम्बन गर्दै जानुपर्छ । विज्ञ प्रविधिकहरूको परामर्श तथा स्मार्ट सोसाइटीका विभिन्न आयामलाई समयानुकूल प्रयोग तथा प्रवद्र्घन पनि जरुरी छ । नयाँ प्रविधिहरूको सोच बनाउने विचारहरूलाई समाजमा स्थान दिनुपर्छ तथा विचारहरूको प्रवद्र्धनसमेत गर्नुपर्छ, नयाँ प्रविधि र सोचहरूको समयानुकूल प्रयोग गर्नुले स्मार्ट सोसाइटी निर्माणमा टेवा पुग्छ ।

विकसित देशका ठूला सहरहरू कसरी स्मार्ट प्रविधिको प्रयोग गरिरहेका छन् भनी उदाहरण लिन सकिन्छ भने स्मार्ट सिटी स्मार्ट समाजको एक सानो हिस्सामात्र हो । जनता, सरकार, व्यावसाय, संघसंस्थाहरू एक–आपसमा जुटेर बृहत्तर रूपमा काम गरी आवश्यकताहरूको सहयोगी बनी प्रविधिमा आधारित सेवासुविधा दिने गर्छन् । यसकारण स्मार्ट तथा सुरक्षित समाज निर्माण गर्नुमा दुनियाँको ध्यान केन्द्रित भएको छ, हामीले यसलाई नपच्छ्याई सुखै छैन । अबको विकासको बाटो समात्न हामी कहाँसम्म स्मार्ट सोसाइटी तथा सहरहरूको निर्माणका तयारीमा छौं भन्ने नै मुख्य विषय हो ।

We are on the web
www.floridanepalese.org

**Executives Officers**

Ms. Anila Neupane -President
Dr. Pragati Ghimire- Vice-President
Dr. Niraj Shrestha -General Secretary
Mr. Bishal Gautam- Treasurer
Mr. Narayan Neupane- Information Secretary

**Member at Large**

Mr. Dipendra Sahi (Gainesville)
Mr. Deep Karki (Tampa)
Ms. Kalpana Shrestha (Jacksonville)
Mr. Nirjal Shrestha (Gainesville)
Ms. Priti Dhungel Bhandary (West Palm)
Dr. Cheban Acharya (Fort Myers)

**Community Engagement Coordinator**

Dr. Amar Bahadur Karki (West palm)

**Advisory Committee**

Dr. Chooda Mani Khanal
Mr. Krishna Shrestha
Mr. Binod Basnet
Mr. Pankaz Sharma
Mr. Sushil Bhhattachan

**Amendments/ Nominations and Election Committee (ANEC)**

Mr. Rajeeb Lamsal
Dr. Bidya R. Subedi
Mr. Rajendra Shrestha

**Indreni Publication Committee**


Narayan Neupane - Coordinator
Cheban Achrya - Member
Priti Bhandary - Member
Deep Karki - Member












NEPALESE ASSOCIATION OF FLORIDA